# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) वीरेन्द्रनगर, सुर्खेत, असोज २२ गते, २०८३ साल (संख्या ८


## भाग-२

### कर्णाली प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

### स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को अनुसूची हेरफेर तथा थपघट

स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को नियम ११० ले दिएको अधिकारको प्रयोग गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सो नियमावलीको अनुसूची-१ र अनुसूची-२ मा देहाय बमोजिम हेरफेर तथा थपघट गरेको छ:

**१. अनुसूची-१ को,-**

स्थानीय इन्जिनियरिङ्ग सेवा, सिभिल समूहको उपसमूहमा रहेको "जनरल विल्डिङ्ग एण्ड आर्किटेक्ट स्यानिटरी" भन्ने शब्दहरुको सट्टा "जनरल वा उपसमूह नखुलेको, विल्डिङ्ग एण्ड आर्किटेक्ट, स्यानिटरी" भन्ने शब्दहरु राखिएका छन्।

**२. अनुसूची-२ को,-**

(क) स्थानीय इन्जिनियरिङ सेवा, सिभिल समूहको उपसमूहमा रहेको "जनरल" भन्ने शब्द पछि "वा उपसमूह नखुलेको" भन्ने शब्दहरु थप गरिएका छन्।

(ख) स्थानीय कृषि सेवा, लाइभष्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट समूह, तह पाँचौंको पशु सेवा प्राविधिक पदको सेवा प्रवेशको न्यूनतम शैक्षिक योग्यतामा कोष्ठक भित्र रहेको "मेजर इन प्लाण्ट साइन्स" भन्ने शब्दहरुको सट्टा "मेजर इन एनिमल साइन्स" भन्ने शब्दहरु राखिएका छन्।

(ग) स्थानीय कृषि सेवा, भेटेरीनरी समूह, तह आठौं, पशु चिकित्सक (प्रथम) पदको सेवा प्रवेशको न्यूनतम शैक्षिक योग्यतामा रहेको "मान्यताप्राप्त शिक्षण संस्थाबाट वि.भी.एस्सी. एण्ड ए.एच. वा डी.भी.एम. वा सो सरह उत्तीर्ण" भन्ने शब्दहरु झिकिएका छन्।

(घ) स्थानीय कृषि सेवा, भेटेरीनरी समूह, तह सातौं, पशु चिकित्सक पदको सेवा प्रवेशको न्यूनतम शैक्षिक योग्यतामा "मान्यताप्राप्त शिक्षण संस्थाबाट वि.भी.एस्सी. एण्ड ए.एच. वा डी.भी.एम. वा सो सरह उत्तीर्ण" भन्ने शब्दहरु राखिएका छन्।

(ङ) स्थानीय कृषि सेवा, भेटेरीनरी समूह, तह पाँचौं, पशु स्वास्थ्य प्राविधिक पदको सेवा प्रवेशको न्यूनतम शैक्षिक योग्यतामा कोष्ठक भित्र रहेको "मेजर इन प्लाण्ट साइन्स" भन्ने



मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

शब्दहरुको सट्टा "मेजर इन एनिमल साइन्स" भन्ने शब्दहरु राखिएका छन्।

(च) स्थानीय प्रशासन सेवा, आन्तरिक लेखा परीक्षण समूह, तह पाँचौं, आन्तरिक लेखा परीक्षण सहायक पदको सेवा प्रवेशको न्यूनतम शैक्षिक योग्यतामा रहेको "मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा माध्यामिक शिक्षा उत्तीर्ण परीक्षा (स्कूल लिभिङ सर्टिफिकेट एक्जामिनेशन) वा सो सरह उत्तीर्ण" भन्ने शब्दहरुको सट्टा "मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा वा वित्त विषयसहित कक्षा १२ (१०+२) वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको" भन्ने शब्दहरु राखिएका छन्।

(छ) स्थानीय शिक्षा सेवा, शिक्षा प्रशासन समूहको उपसमूहमा रहेको "प्रशासन" भन्ने शब्द झिकिएको छ।

निर्णय मिति: २०८३।०६।२२

आज्ञाले,
निधिराज न्यौपाने
प्रदेश सरकारको सचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली